मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# विश्व पर्यटन दिवसको शुभकामना

“पर्यटन, न्याय र शान्ति” भन्ने मुल नाराका साथ आज मनाउन लागिएको विश्व पर्यटन दिवसको अवसरमा प्रदेशबासी तथा स्वदेश एवम् विदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यो सुखद् अवसरमा कोशी प्रदेशका साथै नेपालको पर्यटन विकासमा महत्वपूर्ण योगदान गर्नु हुने पर्यटन क्षेत्रका अगुवा तथा व्यवसायीहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । कोशी प्रदेश सरकारले आगामी २०८२ साललाई ‘कोशी प्रदेश पर्यटन वर्ष’ अभियानको रुपमा मनाउने जानकारी गराउन चाहान्छु ।

सन् १९८० देखि संयुक्त राष्ट्रसंघको आव्हानमा पर्यटन दिवस मनाउन थालिएको परिप्रेक्ष्यमा हाम्रो देशले पनि विभिन्न समयमा पर्यटकलाई लक्षित गरेर कार्यक्रमहरु गर्दै आएको स्मरण गर्दछु । भिजिट नेपाल १९९८ मार्फत नेपालमा सुरु गरिएको यो अभियानलाई प्रदेशस्तरमा लैजाने गरी हामीले आगामी वर्ष 'कोशी प्रदेश पर्यटन वर्ष' मनाउन लागेका हौँ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा जैविक विविधताले भरिपूर्ण कोशी प्रदेश पर्यटकीय दृष्टिकोणले अत्यन्तै उर्वर प्रदेश हो । नेपालकै होचो क्षेत्र झापाको केचनादेखि विश्वको सर्वोच्च शिखर सगरमाथा कोशी प्रदेशमा रहनुले हाम्रो पर्यटन क्षेत्र बलियो भएको महसुस गरेको छु । विश्वको सर्वोच्च शिखर सगरमाथासहित १० अग्ला हिमाल मध्ये ५ वटा मकालु, लोत्से, कञ्चनजंघा र कुम्भकर्ण हिमालले विश्वका पर्यटकहरुको ध्यान आकृष्ट गरेका छन् । पाथिभरा, बराहक्षेत्र र हलेसी, खुवालुङदेखि माङ्सेबुङ, फक्ताङ्लुङ, तुवाचुङ, जायजुङजस्ता ऐतिहासिक र धार्मिक सम्पदाहरुले हाम्रो सामाजिक र धार्मिक विविधतालाई उजागर गरेका छन् । यसैको जगमा उभिएर हामीले हाम्रो पर्यटनलाई प्रर्वद्धन गर्न सक्दछौँ ।

धार्मिक, साँस्कृतिक र मनमोहक प्राकृतिक क्षेत्रमार्फत हाम्रो समृद्धिको आधार सम्भव छ । अतिथि देवो भवः भन्ने हाम्रो मौलिक कथनलाई सार्थक बनाउँदै पर्यटन प्रर्वद्धन गरी हामीले हाम्रो राष्ट्रिय पूँजी विकास गर्न सक्छौँ । यसले “ समृद्ध नेपाल, सुखी नेपाली ”को राष्ट्रिय आकांक्षालाई पुरा गर्न मद्दत पुग्ने विश्वास लिएको छु । पर्यटन प्रर्वद्धनका लागि कोशी प्रदेश सरकारले स्थापनाकालदेखि नै काम गरिरहेको छ । यसका लागि प्रदेशको श्रोत र साधनले भ्याएसम्म पर्यटकीय गन्तव्यहरुको निर्माण गर्ने र प्रचारप्रसार गर्ने काम पनि सुरु गरिएको छ । संघीय सरकार र स्थानीय सरकारहरुसँगको समन्वय र सहकार्यमा हामी प्रदेशको पर्यटनलाई अगाडी बढाउन चाहान्छौँ । नीजि क्षेत्रको साझेदारी र हातेमालो बिना पर्यटन प्रवर्द्धन सम्भव हुँदैन त्यसैले यस क्षेत्रका सरोकारवाला र अगुवाहरुसँगको समन्वयमा कोशी प्रदेशको समृद्धिका लागि पर्यटन क्षेत्रको विकासमा अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, पर्यटन प्रर्वद्धन र विकासका लागि सबैलाई सहकार्य गर्न आव्हान गर्दै पर्यटन दिवसको पुनः शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८१ असोज ११ गते, शुक्रबार

हिक्मतकुमार कार्की

मुख्यमन्त्री

मुख्यमन्त्री